प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३, हेटौडा, मकवानपुर ।

विषय :- कार्यालयहरु रुपान्तरण, सञ्चालन र व्यवस्थापन स्वीकृती सम्बन्धमा ।

**प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृत प्राप्त मिति : २०७५/०४/३१ गते ।**

**१. विषयको संक्षिप्त व्यहोरा :**

नेपालको संविधानको अनुसूची-६ बमोजिम प्रदेशको कार्यक्षेत्र भित्र परेका हालका कार्यालयहरुलाई प्रदेश मन्त्रालय मातहत लैजान, प्रदेशका अधिकार क्षेत्रभित्रका कार्यसम्पादन गर्न प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहतका निकायहरुको छरितो र चुस्त हुने गरी संगठन संरचना तथा दरबन्दी विवरण समेत उल्लेख गरिएको, संघबाट खारेज हुने निकायहरु तथा दरबन्दी र प्रदेशमा रहने निकायहरुको संगठन संरचना र दरबन्दी सम्बन्धी व्यवस्था भएको "उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन" नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५/०३/३२ (निर्णय नं.४६) मा स्वीकृत भएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको मिति २०७५/०४/२३ को उक्त संरचनामा थपघट वा सुधार गर्नु पर्ने भएमा सो को सुझाव सहित उपलब्ध गराइदिनु भन्ने पत्रादेश अनुसारको नेपाल सरकारबाट स्वीकृत उक्त संगठन संरचना छलफलको क्रममा रहेको छ ।वन तथा वातावरण मन्त्रालयबाट साविकका निकाय/कार्यालयहरु खारेज भएको तथा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यान्वयन गर्ने भनि जानकारी प्राप्त भएको तर उक्त संगठन संरचना माथि प्रदेश सरकारबाट अनुमोदन/स्वीकृती भई नसकेको अवस्थामा तत्काल साविकका कार्यालयहरु रुपान्तरण गरी सञ्चालन र व्यवस्थापन गर्न आवश्यक रहेको छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रसांगिक कुरा :**

वन तथा वातावरण मन्त्रालयको च.नं.(क.प्र./१५/२१ ०७५/७६ नं.२२१) मिति २०७५/०४/२७ को पत्र मार्फत मातहतका कार्यालयहरु खारेज भएको भनि जानकारी प्राप्त भएको साथै वन तथा वातावरण मन्त्रालयको च.नं.(क.प्र./१४/१९/०७५/०७६ नं. २२८) मिति २०७५/०४/३० को पत्र मार्फत "स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन" कार्यान्वयन गर्ने जानकारी प्राप्त भएको ।साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ११३ र च.नं. ११४ मिति २०७५/०४/१६ मा प्राप्त पत्रानुसार हाल कायम रहेका घरेलु तथा साना उद्योग कार्यालयहरु सम्बन्धित प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मातहत रही कार्य सञ्चालनको व्यवस्था हुन र हाल रहेका घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरु पछि नेपाल सरकारले निर्णय गरे बमोजिम हुने गरी हाललाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रही कार्य सञ्चालनको व्यवस्था हुन उल्लेख भएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस :**

नेपालको संविधान जारी भई तीन तहको निर्वाचन पश्चात तीनै तहको सरकार पूर्ण रुपमा सञ्चालनमा आइसकेको भए तापनि कार्यालय तथा कर्मचारीहरु नेपाल सरकार मातहत नै रहिरहेकाले सरकार तथा सेवा सञ्चालनमा अप्ठयारो परिराखेकोमा, नेपाल सरकारले संघ मातहतका कार्यालय तथा दरबन्दीहरु खारेज भईसकेको र नेपाल सरकारबाट प्राप्त स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यान्वयनका लागि छलफल तथा सुधारको क्रममा रहेकोले तत्काल साविकका कार्यालयहरु तथा कर्मचारीहरुलाई संलग्न अनुसूची - १ बमोजिम रुपान्तरित गरी रुपान्तरीत कार्यालयबाट कार्य सञ्चालन गर्न मा.मन्त्रीज्यूबाट मिति २०७५/४/३१ मा स्वीकृती प्राप्त भएकाले प्रदेश सरकार, प्रदेश नं. ३ (कार्य

सम्पादन) नियमावली, २०७४ को अनुसूची -१ को विषय संख्या १२ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोरा :

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको संगठन संरचना तयार भइ स्वीकृत नहुंदा सम्म हाललाई यसै साथ संलग्न अनुसूची १ बमोजिम गर्न गराउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई स्वीकृती दिने " ।

मितिः २०७५/०४/३१

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

........................

(शिव कुमार वाग्ले)
प्रदेश सचिव

श्री सचिव,
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय।

"कार्यालयहरु रुपान्तरण, सञ्चालन र व्यवस्थापन स्वीकृति सम्वन्धमा" विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ०४/०४-०७५/०५/०१ को प्रस्ताव प्र.मं.प.बै.सं. १७/०७५ मिति २०७५/०५/०६ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेकोछु –

<u>प्रदेश सरकारको निर्णय</u> –
"प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

( आनन्दराज ढकाल )
प्रमुख सचिव
२०७५/०५/०६

श्रीमान्
कार्यालयमा पठाउँ।
५।६.

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची- १

उद्योग, पर्यटन , वन तथा वातावरण मन्त्रालय अन्तरगत नयाँ स्थापना हुने कार्यालय वाहेक देहाय बमोजिमको साविक कार्यालय र कार्यरत कर्मचारीहरुलाइ देहाय बमोजिम रुपान्तरण गरी कार्यान्वयन गर्ने गराउने

| क.सं | साविक | प्रदेश सरकार अन्तरगत उद्योग, पर्यटन , वन तथा वातावरण मन्त्रालयमा रहने गरी रुपान्तरित हुने | |
|---|---|---|---|
| | | कार्यालय | कर्मचारी |
| १ | क्षेत्रीय वन निर्देशनालय | वन निर्देशनालय | साविक क्षेत्रीय वन निर्देशनालयका कर्मचारीहरु |
| २ | क्षेत्रीय वन तालिम केन्द्र | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | साविक क्षेत्रीय वन तालिम केन्द्र कर्मचारीहरु |
| ३ | जिल्ला वन कार्यालय (१३ वटा) | डिभिजन वन कार्यालय (१३ वटा) | साविक जिल्ला वन कार्यालयका तत् तत् जिल्लाका कर्मचारीहरु |
| ४ | घरेलु तथा साना उद्योग कार्यालय (६वटा) | घरेलु तथा साना उद्योग कार्यालय (६वटा) | साविक घरेलु तथा साना उद्योग कार्यालयका तत् तत् जिल्लाका कर्मचारीहरु |
| ५ | घरेलु तथा साना उद्योग विकास समिति (शाखा कार्यालय ७ वटा) | घरेलु तथा साना उद्योग विकास समिति कार्यालय (७वटा) | साविक घरेलु तथा साना उद्योग विकास समितिका शाखा कार्यालयका तत् तत् जिल्लाका कर्मचारीहरु |